# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, असार २६ गते २०५१ साल (अतिरिक्ताङ्क १४ (ख)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले मौसूफबाट संसदको संयुक्त सदनलाई यही असार १७ गते सम्बोधन बक्स भएको श्री ५ को सरकारको नीति तथा कार्यक्रमका लागि मौसूफका जुनाफमा धन्यवाद चढाउन प्रतिनिधि सभामा श्री ५ को सरकारको तर्फबाट आज पेश गरिएको धन्यवादको प्रस्ताव पारित हुन नसकी श्री ५ को सरकारको नीति र कार्यक्रमलाई विफल पारेको कारण देखाई आजकै मितिबाट प्रधानमन्त्री पदबाट चढाउनु भएको राजीनामा स्वीकृत गरिबक्सेको छ र मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म हालकै मन्त्रिपरिषद्ले कार्य संचालन गरिरहने व्यवस्था गरिबक्सेको छ ।

साथै प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले नयाँ जनआदेश लिने उद्देश्यले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गरिबक्सन र प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति तोकिबक्सन मौसूफमा चढाउनु भएको सिफारिशका सम्बन्धमा मौसूफबाट विभिन्न संवैधानिक पदाधिकारी तथा राजनीतिक नेताहरूसँग परामर्श लिइबक्सने प्रक्रिया चालू छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।


७४१


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

682

P 8 0)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।